# न्यायिक सहयोग कोष सञ्चाचन कार्यविधि २०७५

नगर प्रमुख

म्याङलुङ्ग नगरपालिका

तेह्रथुम

"न्यायिक सहयोग कोष सञ्चाचन कार्यबिधि २०७५"

प्रमाणिकरण मिति : २०७५/१२/०४

प्रस्तावना :

म्याङलुङ्ग नगरपालिका भित्र आर्थिक सामाजिक र सास्कृतिक रुपमा पछाडी परी कानूनको समस्यामा परेका कारण कानूनी उपचार प्राप्त गर्नबाट वन्चित हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्यले न्यायिक सहयोग कोष सञ्चालन कार्यबिधि बनाइ लागु गर्न वान्छनिय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र म्याङलुङ्ग नगरपालिका न्यायिक समितिको कार्यबिधि सम्बन्धी ऐन २०७५ को दफा ९४ ले दिएको अधिकार प्रयोग गरि म्याङलुङ्ग नगरपालिका न्यायिक समितिले हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि आर्थिक सहयोग उपलब्ध गराउन न्यायिक सहयोग कोष सञ्चाचन सम्बन्धी कार्यबिधि २०७५ बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यबिधि को नाम "न्यायिक सहयोग कोष सञ्चाचन कार्यबिधि २०७५" रहेको छ ।

२. यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

३. परिभाषा : बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) ऐन" भन्नाले म्याङलुङ्ग नगरपालिका न्यायिक समितिको कार्यबिधि सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(ख) कार्यबिधि " आर्थिक अभावका कारण कानूनी उपचार पाउनबाट बन्चित हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि कानूनी उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउन निर्माण गरिएको न्यायिक सहयोग कोष सञ्चाचन कार्यबिधि २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "हिंसा पिडित महिला तथा बालबालिका" भन्नाले आर्थिक, सामाजिक, सास्कृतिक र पारीवारिक रुपमा मेलमिलाप हुन नसकेको (बेमेल वा असमजदारी) कारणले हिंसामा परी पिडित भएका महिला तथा बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(घ) "न्यायिक सहयोग कोष" भन्नाले नगर क्षेत्र भित्रका आर्थिक रुपमा असमर्थ र हिंसा पिडित महिला तथा बालबालिकाहरुको कानूनी उपचारका लागि आवस्यक कानूनी राय सल्लाह, बहस पैरवी, लिखत तयार तथा हिंसा पिडित ब्यक्तिहरुका तर्फबाट अड्डा

अदालतमा लाग्ने अदालती दस्तुर समेतका सेवाहरुमा उपलब्ध गराउन जम्मा भएको कोषलाई जनाउछ ।

(ङ) "कानूनी उपचार" भन्नाले न्यायिक निकायबाट कानूनी रुपमा प्राप्त गर्ने सेवा सुबिधालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले म्याङलुङ्ग नगरपालिकामा संविधानको धारा २१७ बमोजिम गठन भएको न्यायिक समितिलाई सम्झनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले न्यायिक समितिको संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोषबाट रकम उपलब्ध गराउने सम्बन्धी ब्यबस्था

४. न्यायिक सहयोग कोषबाट रकम प्राप्त गर्न दरखास्त दिनु पर्ने : (१) यस कार्यबिधि बमोजिम न्यायिक सहयोग कोषबाट सेवा प्राप्त गर्न चाहाने नगरवासी हिंसा पिडित महिला तथा बालबालिकाहरुले समितिमा कोषबाट रकम उपलब्ध गराउनु पर्ने कारण सहितको दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा सम्बन्धित वडाको वडाध्यक्षले दिएको सिफारिस समेत राखि दरखास्त दिन सकिने छ ।

(३) समितिमा दरखास्त दर्ता गराउन ल्याउदा दरखास्तमा उल्लेखित ब्यहोरा र परिचय खुल्ने कुनै अन्य कागजात भए सो समेत दरखास्तवालालाई पेश गर्न लगाउनु पर्नेछ ।

५. दरखास्त उपर जाँचबुझ : (१) माथि दफा ४ बमोजिम समितिमा दर्ता हुन आएको दरखास्त र साथमा रहेका कागजात उपर न्यायिक समिति तथा समितिको कार्य सञ्चालनार्थ तोकिएको प्रसासकले जाँचबुझ गरी संयोजकबाट सहयोगका लागि आबश्यक तोक आदेश गराई दरखास्त दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुन आएको दरखास्त उपरको तोक आदेशमा उल्लेखित रकम समितिको तर्फबाट समितिको कार्य सञ्चालनार्थ तोकिएको प्रसासकले दरखास्तवालालाई उपलब्ध गराई हिसाब दुरुस्त राख्नु पर्नेछ ।

६. कोषबाट सहायता रकम प्राप्त गर्न सक्ने ब्यक्ति : (१) म्याङलुङ्ग नगरपालिकाभित्र स्थायी वा अस्थायी बसोबास गरी आएको ब्यक्ति आर्थिक, सामाजिक, सास्कृतिक र पारीवारिक रुपमा मेलमिलाप हुन नसकी हिंसामा परेका कारण कानूनी उपचार पाउनबाट बन्चित महिला तथा बालबालिका हुनु पर्नेछ ।

(२) बार्षिक पचास हजार रुपैया भन्दा माथि आम्दानी गर्ने सक्ने हिंसा पिडित महिला तथा बालबालिका भए कोषबाट सहायता रकम उपलब्ध हुने छैन ।

तर उपदफा (२) बमोजिम निजको आफ्नो निजि आम्दानी बाहेक अन्य ब्यक्तिहरुको उल्लेखित आम्दानी भए सिफारिसको आधारमा कोषबाट सहायता उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

७. न्यायिक सहयोग कोषमा जम्मा हुने रकम : न्यायिक सहायता सम्बन्धी कार्यको लागि एक छुट्टै कोषको स्थापना गरिनेछ र सो कोषमा देहाय बमोजिमको श्रोतबाट रकम उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(क) म्याङलुङ्ग नगरपालिकाको नगरसभाबाट पारित भई समितिलाई प्राप्त रकम ।

(ख) प्रदेश तथा संघिय सरकारबाट अनुदान स्वरुप प्राप्त रकम ।

(ग) कुनै व्यक्ति, संघ वा संस्थाबाट अनुदान, चन्दा सहयोग स्वरुप प्राप्त रकम ।

(घ) कानून बमोजिम अन्य श्रोतबाट प्राप्त कुनै पनि रकम ।

८. कोषको खाता सञ्चालन : (१) यस कार्यविधि को दफा ७ बमोजिम कोषमा उपलब्ध रकम सञ्चालनका लागि छुट्टै खाता सञ्चालनको व्यवस्था गरिनेछ ।

(२) कोषको आय व्ययको लेखा परिक्षण नियमित गराउनु पर्नेछ ।

परिच्छेद ३

## कोषबाट सहायता उपलब्ध गराउने

९. न्यायिक सहयोग कोषबाट सेवा प्राप्त गर्न सक्ने : (१) दफा ६ (१) बमोजिम ठेगानामा बसोबास गर्ने नगरबासी हिंसा पिडित महिला तथा बालबालिकाहरुले दफा ४ बमोजिमको बिबरण सहित समितिमा पेश गरेको निवेदन तथा निजहरुको बिवाद (मुद्दा) को विषय र आर्थिक अबस्थाको बिक्षेशण गरी कोषबाट सहायता रकम उपलब्ध गराउन सकिने छ ।

(२) कोषबाट सहायता रकम प्रदान गर्दा प्रभावित व्यक्तिको बिबाद (मुद्दा) को बिषय र आर्थिक अबस्थाको बिक्षेशण गरी बढीमा पच्चिस हजार रुपैयासम्म सहयोग प्रदान गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिमको सिमासम्म सहयोग रकम प्रदान गर्दा समितिको संयोजकको एकल तोक आदेशले स्वीकृत गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठकको निर्णयद्वारा सम्पूर्ण सहयोग रकमहरुको अनुमोदन गर्नु पर्नेछ ।

परिच्छेद ४

## खारेजी र बचाउ सम्बन्धी

(१०) खारेजी र बचाउ : यो कार्यविधि जारी हुनु पुर्व समितिले यस कार्यविधिसँग सम्बन्धीत हुने गरी कुनै सहयोग रकम प्रदान गरेको भए यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।